जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक २४५ २०८२ साल बैशाख १८ गते बिहीबार (1 May 2025 Thursday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : मधेसको बजेट कार्यान्वयनमा ... ३ पृष्ठमा : तेस्रो राष्ट्रिय निर्धारित ... ३ पृष्ठमा : चीनको शेनझाउ-१९ ...

## अटोबाट झण्डै डेढ सय किलो गाजासहित एक पक्राउ





**दैनिक समाचारदाता**
**राजविराज, १७ बैशाख ।**

सप्तरी प्रहरीले जिल्लाको दुई स्थानबाट १ सय ३७ किलो प्रतिबन्धित लागुऔषध गाजासहित एक जनालाई पक्राउ गरेको छ।

प्रहरीले हुलाकी राजमार्ग अन्तरगत जिल्लाको तिरहुत गाँउपालिका वडा नं. २ बडहरास्थित सडक खण्डमा बुधबार फत्तेपुरबाट डिमनतर्फ जादै गरेको प्र१-०२-००३ ह २९३४ नं. को अटोबाट ५८ किलो गाजा बरामद गरेको हो ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता जितेन्द्र कुमार बस्नेतका अनुसार अटो चेक जाँच गर्दा अटो भित्र सेतो पलास्टिकको दुई वटा पोका र सेता बोरा भित्र रहेको उक्त मात्रामा लागुऔषध गाँजा बरामद भएको छ।

गाजासहित प्रहरीले अटो र अटो चालक उदयपुर जिल्लाको बेलका नगरपालिका ३ मोरङगे टोल निवासी ४१ वर्षिय जयराम दाहाललाई नियन्त्रणमा लिएको जनाएको छ।

यस्तै मंगलबार पूर्वपश्चिम राजमार्ग अन्तरगत जिल्लाको कंचनरुप नगरपालिका २ बरमझियामा खटेको प्रहरी टोलीलाई देख्ने बित्तिकै स.१ह.१७१६ नं. अटो छाडी चालक फरार भएका थिए। प्रहरीका अनुसार अटोलाई चेकजाज गर्दा तीन वटा बोरा, एक वटा कालो सुटकेस र एक वटा कपडाको रातो झोलामा गरि ७९.७६ किलो लागूऔषध गाँजा फेला परेको हो।

तिरहुतबाट पक्राउ परेका चालकलाई कानून बमोजिम पकाउ गरी सप्तरी जिल्ला अदालतबाट म्याद थप गराई अनुसन्धान कार्य भइरहेको तथा बरमझियाबाट बरामद अटो र गाँजा नियन्त्रणमा लिई अनुसन्धान अगाडी बढाइएको र फरार चालकको खोजतलास भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

## पक्राउ परेको चार घण्टापछी रेशम चौधरी रिहा, पार्टी एकीकरण घोषणा स्थगित



**दैनिक समाचारदाता**
**राजविराज, १७ बैशाख ।**

बुधबारै पक्राउ परेका नागरिक उन्मुक्ति पार्टीका संरक्षक रेशम चौधरी चार घण्टापछी सोही दिन रिहा भएका छन्।

काठमाडौंस्थित प्रज्ञा प्रतिष्ठान भवनमा जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीबीच बुधबार हुन लागेको एकिकरण घोषणा सभामा हलबाटै उनी पक्राउ परेका थिए।

चौधरीलाई पक्राउ गर्न प्रहरीले प्रयोग गरेको सर्वोच्च अदालतको भनिएको पत्र नै अनधिकृत रहेको पाइएपछि चौधरी बुधबारै रिहा भएका हुन्। बिहान सर्वोच्च अदालतले चौधरीलाई थुनामा पठाउन पत्र काटेको भन्दै प्रहरीले दिउँसो पक्राउ गरी चौधरीलाई डिल्लीबजार कारागारमा पठाएको थियो।

तर सर्वोच्च अदालतमा यो विषयमा तत्काल कुनै पनि न्यायाधीशबाट आदेश नभई कसरी पत्र गयो भनेर हल्लाखल्ला भयो। सर्वोच्च अदालतले अनधिकृत पत्र गएको निष्कर्षसहित पत्र पठाउने सर्वोच्च अदालतको मुद्दा तथा रिट महाशाखाका शाखा अधिकृत महिमानसिंह विष्टलाई प्रहरीको जिम्मा लगाएको थियो।

सर्वोच्च अदालतका प्रवक्ता अच्युत कुइँकेलले विज्ञप्ति निकालेर सर्वोच्चका कर्मचारीबाट अनधिकृत पत्र लेखेको जानकारी गराएका थिए। विज्ञप्तिमा अनधिकृत रूपमा पत्र लेख्ने अधिकृतलाई

*बाँकी अन्तिम पृष्ठमा*

## उमावि शिक्षाका लागि भवन निर्माण हुँदै



**दैनिक समाचारदाता**
**राजविराज, १७ बैशाख ।**

सप्तरीको राजगढ गाउँपालिका वडा नं. ४ स्थित जनता मावि बेल्ही चपेनामा उच्च माध्यमिक शिक्षाका लागि आवश्यक कक्षा कोठा भवनको निर्माण कार्य शुरु भएको छ।

गाउँपालिका अध्यक्ष ओम प्रकाश मण्डलले बुधवार विद्यालयको प्रांगणमा एक कार्यक्रमबीच भवन निर्माण कार्यको शिलान्यास गरेका हुन्।

संघीय सरकारको ६३ लाखको रुपैयाँको अनुदान सहयोग तथा गाउँपालिकाको साझेदारीमा चार कोठे कक्षा भवन निर्माण कार्य सुरु भएको गाउँपालिका अध्यक्ष मण्डलले जानकारी दिए।

शिलान्यास समारोहलाई सम्बोधन गर्दै अध्यक्ष मण्डलले आफु पालिकाको शैक्षिक, सामाजिक, स्वास्थ, कृषि र विकास निर्माणका विभिन्न गतिविधिलाई प्राथमिक्तामा राखेको भन्दै पालिकामा आमूल परिवर्तन ल्याउने विश्वास व्यक्त गरे।

शिलान्यास समारोहमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नन्दकिशोर मण्डल, वडा अध्यक्ष अशोक साह, राष्ट्रिय मुक्ति पार्टीका केन्द्रीय नेता गजेन्द्र कुमार मण्डल, समाजसेवी घनश्याम मण्डल, ब्रहमदेव मण्डल, नारायण मण्डल, दुनियालाल मण्डल, रामप्रकाश मण्डलको लगायतको उपस्थिती रहेको थियो। उक्त विद्यालयमा हाल १० कक्षा सम्मको पढाई मात्र हुने गरेको छ।

**भर्ना खुल्यो। भर्ना खुल्यो॥ भर्ना खुल्यो॥।**

**नयाँ वर्ष २०८२ को शुभकामनाका साथै यस**

**Wisdom School**

Rajbiraj 2

**राजदेवी चौकमा नयाँ शैक्षिक सत्र २०८२ को लागि धमाधम भर्ना खुल्यो**

**हाम्रो विशेषताहरु**

- दक्ष अनुभवी शिक्षक तथा शिक्षिकाहरुद्वारा अध्यापन गराइने।
- बालमैत्री शिक्षा अनुसार अध्यापन गराइने।
- CC Camera को निगरानीमा पठनपाठन गराइने।
- अतिरिक्त क्रियाकलाप साप्ताहिक गराइने।
- प्रयोगात्मक तथा कम्प्युटर प्रयोगशालाको व्यवस्था भएको।
- गरिब, दलित, शहिद परिवार तथा जेहेन्दार विधार्थीको लागि विशेष छुटको व्यवस्था
- कक्षामा प्रथम हुनेलाई ५० प्रतिशत, दोश्रोलाई ३० प्रतिशत र तेश्रोलाई २० प्रतिशत शुल्कमा छुट दिइने।

**प्रधानाध्यापक**

Wisdom School, Rajbiraj 2

**सम्पर्क नं. ०३१-५९०१९२, ९८१२०२२१३५, ९८०४७२६१९२**

# सम्पादकीय

## शीत भण्डारणको अभाव

सप्तरी जिल्ला नेपालको उर्वर तराई भूभागमा अवस्थित, कृषि उत्पादनको लागि निकै सम्भावनायुक्त क्षेत्र हो । धान, तरकारी, फलफूल लगायतका बाली यहाँ प्रशस्त मात्रामा उत्पादन हुन्छन् । तर, उत्पादित कृषिजन्य वस्तुहरूको संरक्षण र बजार व्यवस्थापनमा गंभीर चुनौती कायमै छ । शीत भण्डारण (कोल्ड स्टोरेज) सुविधा नहुनुले यहाँका कृषकहरू ठूलो नोक्सानीमा परिरहेका छन् ।

जिल्लाका किसानहरूले प्रचुर मात्रामा तरकारी तथा फलफूल उत्पादन गरे पनि उपयुक्त भण्डारण संरचनाको अभावमा उत्पादित वस्तुहरू समयमा बेच्न नसक्दा कुहिन बाध्य छन् । विशेष गरी टमाटर, काक्रो, सिमी, खुर्सानी, तरबुजा, खरबुजाजस्ता बालीहरू मौसम अनुसार अत्यधिक उत्पादन भए तापनि तुरुन्तै बिक्री नभए नष्ट हुन पुग्छन् । यस्तै सही मूल्य नपाएर किसानहरू मर्कामा छन् । बिचौलियाको नियन्त्रणमा बजार व्यवस्था रहेकाले उत्पादनको वास्तविक मूल्य कृषकले पाउँदैनन् । यस्तो स्थितिमा यदि पर्याप्त संख्यामा शीत भण्डारण केन्द्रहरू स्थापना गरिएको भए कृषकहरू उत्पादन भण्डारण गरी उचित मूल्य पर्खन सक्ने थिए ।

शीत भण्डारणको अभावले कृषि क्षेत्रको दीगो विकासमा गम्भीर असर पारिरहेको छ । उत्पादन बढाउँदै मात्र किसानको जीवनस्तर सुधार्न सकिँदैन; त्यसको उचित संरक्षण, बजारीकरण र मूल्य सन्तुलन पनि अनिवार्य छ । तसर्थ यस समस्याको दीर्घकालीन समाधानका लागि राज्य, स्थानीय सरकार र निजी क्षेत्रबीच सहकार्य अपरिहार्य भइसकेको छ ।


डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह

Dr. Saroj Kumar Sah

MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288

हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव

Dr. Jayanti Yadav

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312

बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# मधेसको बजेट कार्यान्वयनमा देखिएको जटिलता

**रामकुमार एलन**

काठमाडौँ, १७ वैशाख (रासस) ।

देशकै ठूलो भूगोल र जनसङ्ख्या भएको मधेस प्रदेश सरकारमा केन्द्र गठबन्धनकै सत्तारुढ दलहरू सहभागी छन् । २०७९ को निर्वाचनमा उदाएको, सात वर्षसम्म मधेसको सत्तामा कब्जा गरिरहेको जनता समाजवादी पार्टी (जसपा) नेपालको विकल्पमा आएको अर्को राष्ट्रिय पार्टी जनमत पार्टीले देशकै ठूलो दल नेपाली कांग्रेस र मधेस प्रदेश सभामा ठूलो दल नेकपा (एमाले)को समर्थनमा मुख्यमन्त्रीसहित सरकारको नेतृत्व गरिरहेको करिब ११ महिना पुग्दैछ । २०८१ जेठ २५ गते मुख्यमन्त्री भएका जनमत पार्टीका सतिशकुमार सिंहको एक वर्षे कार्यकालमा प्रदेश सरकारले बनाएको बजेट कार्यान्वयन यो वर्ष पनि पहिलाका वर्षहरूमा जस्तै जटिल देखिएको छ ।

मधेसको बजेट अरु प्रदेश र देशमा जस्तै असार लागेपछि चेक काट्ने काममा केन्द्रित भयो, उपभोक्ता समितिबाट काम गराइँदा कार्यकर्ता भर्ती केन्द्र बन्यो भन्ने हिसाबले नयाँ र फरक ढङ्गले राजनीतिक अभ्यास गर्न खोज्दै प्रदेश सरकारले काम प्रतिस्पर्धामा गराउने भनेर ठेक्कामा दिने गरी बजेट ल्याएपछि प्रदेश सरकार जटिलताका फसेको थियो । प्रदेश सांसदहरूलाई दिइएको रकमको काम पार्टीका नेता कार्यकर्तालाई पनि राहत हुने गरी वितरण गर्ने हाम्रो प्रणाली नै बनेको छ । तर ठेक्कामा काम दिने भनेपछि कम लागतमा योजना सम्पन्न हुन्छन् भन्ने प्रदेश सरकारको निर्णयले आर्थिक वर्षको छ महिना त केही कामै हुनै सकेन ।

ठेक्काका काम हुन नसकेपछि प्रदेशसभामा सबै दलहरूको सहमतिमा २०८१ माघ ७ गते सङ्कल्प प्रस्ताव ल्याएर रु ५० लाखभन्दा कमका कामहरू उपभोक्ता समितिमार्फत पनि गर्ने भनेर निर्णय नै गराइएको थियो । यो अवधिसम्ममा मधेस सरकारले जम्माजम्मी बजेटको दुई प्रतिशत खर्च गरेको थियो । अर्थात् आर्थिक वर्ष २०८१/८२ का सात महिना सात दिन प्रदेश सरकार बजेटको ९८ प्रतिशत खर्च गर्ने योजनासम्म बनाउन सकिरहेको थिएन । यद्यपि, वैशाखको पहिलो सातासम्मको प्रगति हेर्दा पनि मधेस प्रदेश सरकारले यो वर्ष पनि बजेट कार्यान्वयनमा उस्तै समस्या भोग्ने देखिन्छ । आर्थिक वर्ष सकिन अढाइ महिना बाँकी रहँदा प्रदेश सरकारको बजेट कार्यान्वयनमा देखिएको सुस्तताले मधेसमा विकासका कामले पनि गति नलिएको देखिन्छ ।

मधेस प्रदेश सरकारले चालु आर्थिक वर्षमा करिब छ हजार योजना सञ्चालन गरिरहेको बताएको छ । सरकारले खर्चको अवस्थामा सुधार गर्न नसकेकाले योजना अधुरै रहन्छन् र बजेट चाहीँ भुक्तानी हुन्छ कि भन्ने अर्को प्रश्न पनि उब्जिएको छ । जो हरेक आर्थिक वर्षमा असारको तेस्रो साता चेक काट्ने देशभरको हतारो मधेस प्रदेश सरकारमा पनि देखिने सङ्केत छ । मधेस प्रदेशको कोष तथा लेखा नियन्त्रण कार्यालयका अनुसार प्रदेश सरकारको चालु र पुँजीगत बजेट रु ४३ अर्ब नौ करोड २१ लाख ७० हजारमा जम्मा १२.९ प्रतिशत अर्थात रु पाँच अर्ब ६९ करोड ७१ लख ६७ हजार नौ सय ५३ खर्च भएको छ । यो तथ्याङ्क वैशाख ११ गतेसम्मको हो । यसको हिसाबले मधेस प्रदेश सरकारले अबको अढाई महिनामा रु ३८ अर्ब १९ करोड ५० लाख दुई हजार ४७ खर्च गर्नुपर्नेछ । मधेस प्रदेश सरकारको तर्कमा चाहीँ प्रदेश सरकारले बजेट बनाउँदा नै रु १३ अर्ब घाटाको बनाएको थियो । यसैले पनि बजेट कार्यान्वयनमा समस्या देखिएको हो ।

चालु आर्थिक वर्ष सकिन अढाइ महिना बाँकी हुँदा मधेस प्रदेश सरकारको पुँजीगत खर्च सात प्रतिशतमा सीमित छ । पुँजीगततर्फ विनियोजित रु २७ अर्ब ९४ करोड ४४ लाख ६९ हजारमा जम्मा ६.३४ प्रतिशत अर्थात रु एक अर्ब ७७ करोड सात लाख ८९ हजार पाँच सय पाँच मात्र खर्च भएको छ । रु २६ अर्ब १७ करोड ३६ लाख ७९ हजार चार सय ९५ खर्च गर्नुपर्ने दायित्व मधेस सरकारलाई छ । बजेट कार्यान्वयनमा देखिएको सुस्तताले विकास निर्माणको कामका भइरहेको ढिलासुस्ती पनि सङ्केत गरेको छ । अर्थात् यो वर्ष मधेसमा सरकारले विकास निर्माणको काम सुरु गरे पनि सुस्त गतिमा छ ।

मधेस प्रदेशका रहेका १२ वटा मन्त्रालयगत प्रगति हेर्ने हो भने अर्थमन्त्रालयको मात्रै प्रगति देखिन्छ । जसले सबै मन्त्रालयलाई आर्थिक सहमति दिएर बजेट निकासा गराउँछ । अर्थ मन्त्रालयले पुँजीगततर्फ विनियोजित बजेटको ३७.६४ प्रतिशतअर्थात् रु ९४ लाख ७२ हजार सात सय ८२ खर्च गरेको छ । आर्थिक वर्ष सकिन लाग्दा पनि काम भएन भन्ने देखिए पनि यो वर्ष केन्द्र सरकारबाट पनि प्रदेश सरकारलाई बजेट निकासमा सुस्तता आएको छ । मधेस प्रदेशका मुख्यमन्त्री सिंहले नै अहिलेसम्म जम्मा ३४ प्रतिशत बजेट मात्र उपलब्ध भएको बताउनुभएको छ । यसको अर्थ, आर्थिक योजनाका काममा स्वतः ढिलासुस्ती देखिनु हो । यसरी बजेट नै कम आएपछि मन्त्रालयगत क्रियाकलापमा पनि कमी हुने नै भयो । वन तथा वातावरण मन्त्रालयले बजेटमा २७.९६ प्रतिशतअर्थात् रु. ८५ करोड ८६ लाख १२ हजार एक सय ५८ खर्च गरेको छ ।

यस्तै, किसानका लागि निकै नै प्रगतिशील योजना निर्माण गरेको मधेस सरकारले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको विनियोजित बजेटमा खर्च भने १३.४६ प्रतिशतअर्थात् रु १९ करोड ४२ लाख ६६ हजार नौ सय ४० मा सीमित राखेको छ । उर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयको रु चार अर्ब ८२ करोड ६५ लाख २३ हजारमा १०.३५ प्रतिशतअर्थात् रु ४९ करोड ९३ लाख २५ हजार तीन सय ९७ खर्च गरेको छ । गृह, सञ्चार तथा कानून मन्त्रालयकोको बजेट रु ४९ करोड ४० लाखमा ०.१ प्रतिशत अर्थात रु चार करोड चार लाख १२ हजार आठ सय एकमा सीमित छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको रु नौ करोड ३९ लाख ४२ हजारमा ७.४० प्रतिशत अर्थात रु ६९ लाख ५० हजार सात सय सात मात्र खर्च भएको छ ।

यति मात्र होइन, विकासका हिसाबले सबैभन्दा बढी बजेट भौतिक पूर्वाधार विकास मन्त्रालयमा हुनेगर्छ । पूर्वाधार निर्माण नै विकास हो भन्ने भाष्य बनिरहेका बेला यही मन्त्रालयको खर्च झन कमजोर छ । मन्त्रालयले बजेटको ५.७० प्रतिशत मात्र खर्च गरेको छ । रु १२ अर्ब ९१ करोड आठ लाख २७ हजार चार सय १२ मा रु ७३ करोड ६२ लाख २५ हजार आठ सय ५४ मात्र खर्च भएको छ । श्रम तथा यातायात मन्त्रालयको रु २२ करोड ३९ लाख ३६ हजार मा ५.६५ प्रतिशतअर्थात् रु एक करोड २६ लाख ५५ हजार तीन सय ६० मा सीमित छ । शिक्षा तथा समाज कल्याण मन्त्रालयको बजेट रु. एक अर्ब ७५ करोड ८० लाख २० हजारमा २.४५ प्रतिशतअर्थात् रु चार करोड ३१ लाख २२ हजार पाँच सय ३४ मा सीमित छ । उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयको रु. दुई अर्ब ६४ करोड ४६ लाख २२ हजार नौ सय ७० मा १.९७ प्रतिशतअर्थात् रु पाँच करोड २० लाख ९९ हजार सात सय ६४ मा रोकिएको छ ।

मधेस प्रदेशको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा रु एक अर्ब ७६ करोड ४७ लाख १५ हजार बजेटमा शून्य दशमलव ७३ प्रतिशत अर्थात रु एक करोड २९ लाख ६१ हजार दुई सय ९६ खर्च भएको छ । खेलकुद तथा समाज कल्याण मन्त्रालयको रु एक अर्ब ३१ करोड ८७ लाख ९० हजारमा शून्य दशमलव २७ प्रतिशत अर्थात रु ३५ लाख ४५ हजार पाँच सय ७६ खर्च भएको छ । मन्त्रालयहरूको कमजोर प्रगतिमा प्रदेश सरकारका अन्य अवयव मानिने प्रदेश नीति तथा योजना आयोगले पनि रु ५४ लाख ४० हजार बजेटमा ५४.५२ प्रतिशतअर्थात् रु २९ लाख ६५ हजार नौ सय ६८ खर्च गरेको छ । प्रदेश लोकसेवा आयोगले रु दुई करोड ७८ लाख ६६ हजारमा २९.२५ प्रतिशतअर्थात् रु ८१ लाख ५० हजार तीन सय ६२ खर्च गरेको छ । मुख्य न्यायाधीवक्ताको कार्यालयले रु ४० लाखमा १८.१५ प्रतिशतअर्थात् रु सात लाख २५ हजार ८५६ खर्च गरेको छ । प्रदेशसभाको रु १० करोड ५० लाखमा शून्य दशमलव शून्य चार प्रतिशतअर्थात् रु ४२ हजार तीन सय ७५ मात्र खर्च गरेको छ ।

यसरी प्रदेश सरकारका सबै अङ्गहरूको बजेट कार्यान्वयनमा देखिएको सुस्तताले नीति निर्माणदेखि विकास निर्माणसम्मका काम प्रभावित भएका छन् । यसले मधेसका सडकहरूको स्तरोन्नति, शैक्षिक धरोहर निर्माणसँगै सरकारले गर्ने हरेक क्रियाकलाममा सुस्तता देखिन्छ । अबको अढाई महिनामा योजनाका नाममा चेक काट्ने र योजना अधुरै रहँदा अघिल्लो देखिएको बेरुजुमा थप बेरुजु हुने क्रम घट्नुपर्नेमा अरु बढ्ने देखिन्छ । सङ्घीयता कार्यान्वयनको प्रमुख कडीका रुपमा रहेको अभ्यासमा रहेको प्रदेश सरकारको क्रियाकलाप केन्द्रीय सत्ता राजनीतिबाटै परिचालित हुँदा मधेस प्रदेश सरकारजस्तै अरु प्रदेश सरकारले पनि आफूले बनाएको बजेटसमेत कार्यान्वयन गर्न सकिरहेका छैनन् । जुन सुशासनका लागि एउटा गतिलो उदाहरण र बहसको विषय बन्ने गर्छ । बजेट एउटा सरकारले बनाउने र कार्यान्वयन अर्को सरकारले गर्नुपर्ने अवस्थाले पनि प्रदेश सरकारका बजेटहरू कार्यान्वयनमा उस्तै जटिलता देखिने गरेका छन् ।

अध्ययनका आधारमा भन्दा बढी प्रदेश सरकारका सत्तामा भएका र नभएका प्रदेशसभाका सदस्यहरूको पहुँचका आधारमा बजेट बनाइने र सरकार बदलिने क्रममा बजेट पनि फेरबदल हुने गरेकाले यस्तो जटिलता आउने गरेको हो । यसमा केन्द्र सरकार र प्रदेश सरकारले पनि वैज्ञानिक हिसाबले अभ्यास गरेर जनतालाई प्रदेश सरकार जरुरी अङ्ग भएको अनुभूत गराउनुपर्ने देखिएको छ । हामीकहाँ सङ्घीयताको अभ्यास भइरहँदा यसलाई खारेज गरौँ भन्ने मतहरू पनि बढिरहँदा यो जरुरी छ भन्नका लागि यसले जनतामा जोडिने काम बढाउन जरुरी छ । यसलाई स्थानीय सरकारजस्तै अधिकारसम्पन्न सरकारका रुपमा अभ्यास गराउँदै विकासका काममा क्रियाशील बनाउने जिम्मा प्रमुख प्रतिपक्षी र सरकारमा रहेका दलहरूकै हो ।

प्रदेशसभाले नै प्रदेशस्तरमा बनाउने बजेटलाई कसरी कार्यान्वयन गर्ने भन्ने अभ्यासको आठ वर्ष बितेका छन् । अब नवौँ वर्षको बजेट बनाउने बेला भएको छ । यस्तो अवस्थामा विगतका अभ्यास र अनुभव तथा जटिलताबाट पृष्ठपोषण लिएर बजेट बनाउन सकियो भने प्रदेश सरकारले जनतामा भरोसा बढाउन सक्ने देखिन्छ । अन्यथा, प्रदेश सरकारको बजेट बनाउने अभ्याससमेत नभएको र अवैज्ञानिक तथा निष्प्रभावी भन्दै यसबारे उठाइएका प्रश्नहरू अरु लम्बिनेमा शङ्का छैन । प्रदेशस्तरका नीति तथा योजना आयोगका विज्ञहरूको भूमिका पनि प्रदेश सरकारको बजेट बनाउने काममा केन्द्रित हुन जरुरी छ न कि सत्ता निकटका कार्यकर्ताहरूलाई अवसरका लागि मात्र यो सीमित देखिनेछ र जनतामा बढेको असन्तुष्टिको हिस्सा स्वतः यस्ता नीति तथा योजना आयोगसँग पनि जोडिने छ । प्रदेश सरकारलाई अरु वैज्ञानिक, जनमुखी र जवाफदेही बनाउने अभ्यासमा हामी सबै जुट्नुपर्ने देखिन्छ । *(लेखक जनकपुरबाट प्रकाशित हुने मधेसदृष्टि राष्ट्रिय दैनिकका सम्पादक हुनुहुन्छ)*

# तेस्रो राष्ट्रिय निर्धारित योगदान कार्यान्वयनका लागि दाताकै भर

**प्रगति ढकाल**

काठमाडौं, १७ वैशाख (रासस)।

नेपालले मस्यौदा गरेको तेस्रो राष्ट्रिय निर्धारित योगदान (एनडिसी)का कार्यान्वयनका लागि रु ८८ अर्ब ६९ करोड अमेरिकी डलर आवश्यक पर्ने भएको छ। त्यसमध्ये २४.५ प्रतिशत अर्थात् २१.७३ अर्ब डलर आफ्नै स्रोतबाट र बाँकी ७५.५ प्रतिशत अर्थात ६६.९६ अर्ब डलर अन्तरराष्ट्रिय जलवायु वित्तीय सहायता र प्रविधि हस्तान्तरणबाट अपेक्षा गरिएको छ।

नेपालले तयार गरेको तेस्रो एनडिसीको मस्यौदामा अन्तरराष्ट्रिय जलवायु कोष, ऋण राहत कार्यक्रम, हरित ऊर्जा ऋणपत्र (बन्ड) तथा कार्बन बजार जस्ता स्रोतबाट रकम सङ्कलन गर्ने रणनीति बनाएको छ। वैदेशिक जलवायु वित्त जुटाउन नसकेमा तेस्रो एनडिसीमा समावेश गरिएका जलवायुका महत्वाकाङ्क्षी लक्ष्य अधुरै रहने चिन्ता पनि छ।

वन तथा वातावरण मन्त्रालयले जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय खाका (युएनएफसिसिसी) का पक्ष मुलुकहरुको २९औं जलवायु शिखर सम्मेलन (कोप-२१)अन्तर्गत पेरिस सम्फौतामा आधारित भई मस्यौदा तयार गरेको हो। यतिबेला मन्त्रालयले मस्यौदामाथि सरोकारवालाहरुको लिखित राय सुझाव सङ्कलन गरिरहेको छ।

पेरिस सम्फौतामा निर्धारित लक्ष्यअनुसार सबै पक्ष राष्ट्रहरूले पाँच वर्षको अन्तरालमा आफ्नो राष्ट्रिय निर्धारित योगदान (एनडिसी) पेस गर्नुपर्ने प्रावधानअनुसार नेपालले मस्यौदा तयार गरेको हो। नेपालले सन् २०१६ र २०२० मा पहिलो र दोस्रो एनडिसी प्रस्तुत गरेको थियो। अब भने सन् २०२५ भित्र नेपालले तेस्रो एनडीसी पेस गर्ने लक्ष्यसहित प्रस्तावित तेसो राष्ट्रिय निर्धारित योगदानको मस्यौदामाथि प्रतिक्रिया सङ्कलन भइरहेको छ। २१औं कोपको पेरिस सम्फौताले विश्वको औसत तापक्रम वृद्धि १.५ डिग्री सेल्सियसमा सीमित राख्ने र २ डिग्री सेल्सियसभन्दा बढ्न नदिने लक्ष्य राखेको छ।

वन तथा वातावरण मन्त्रालयअन्तर्गत जलवायु व्यवस्थापन महाशाखा प्रमुख डा महेश्वर ढकालले न्यून-कार्बन उत्सर्जनको मार्ग पछ्याएर तय गरिएको एनडिसीमा तोकिएका लक्ष्यहरु कार्यान्वयनका लागि नेपालको आन्तरिक स्रोतले मात्रै पूरा गर्न नसकिने बताउनुभयो। "आन्तरिक र वैदेशिक स्रोतबाट प्रतावित तेस्रो एनडिसीको कार्यान्वयन हुनेछ", उहाँले भन्नुभयो, "जलवायुका योजनालाई राष्ट्रिय, क्षेत्रीय तथा स्थानीय बजेटमा समेट्दै निर्णय प्रक्रियाका सबै तहमा एकीकृत गर्ने लक्ष्य छ।"

ढकालका अनुसार मस्यौदामा नवीनतम जलवायु योजनामा कृषि, वन, फोहर व्यवस्थापन, र औद्योगिक क्षेत्रमा महत्वपूर्ण वित्तीय योजना समावेश छन्। एनडिसी ३.० मा समावेश लक्ष्यहरु हासिल गर्न सकिएमा नेपालको जलवायु अनुकूलन क्षमता वृद्धि हुने, ऊर्जा सुरक्षा कायम हुने र दिगो विकास लक्ष्य प्राप्तिमा सघाउ पुग्ने उहाँको भनाइ छ।

**जलवायु कोषमा पहुँच पुऱ्याउनुपर्छ : विज्ञ**

जलवायुविद् दीपक केसीले विकासशील देशहरूलाई जलवायु परिवर्तनसँग जुध्न सहयोग गर्नका लागि बनाइएको हरित जलवायु कोष, विश्वभरका वातावरणीय समस्याहरू समाधान गर्न बनाइएको वित्तीय संयन्त्र विश्व वातावरण सुविधा कोष, जलवायु परिवर्तनबाट प्रभावित भएका देशहरूलाई अनुकूलनका कार्यक्रमहरू सञ्चालन गर्न बनेको अर्को वित्तीय संयन्त्र अनुकूलन कोष, अल्पविकसित देशहरूको कोषमा वित्तीय पहुँच पुऱ्याउनुपर्ने सुझाव दिनुभएको छ। "तेस्रो एनडिसीका लक्ष्य पूरा गर्न लगानीको व्यवस्थापन मुख्य चुनौती हो", उहाँले भन्नुभयो, "तर लगानी व्यवस्थापनका लागि वैदेशिक जलवायु वित्तमा नेपालले पहुँच पुऱ्याउन प्रयास गर्नुपर्छ र आफ्नो आन्तरिक स्रोतको क्षमता बलियो बनाउनुपर्छ। जलवायु वित्तका अन्य विकल्पहरु पनि खाज्दै गर्नुपर्छ।"

**निजी क्षेत्रको लगानी पनि अपरिहार्य**

वन तथा वातावरणमन्त्री ऐनबहादुर शाहीको पर्यावरण संरक्षण र जलवायु परिवर्तन व्यवस्थापनका विज्ञ सदस्य डा माधवबहादुर कार्कीले तेस्रो एनडिसी पनि अझै बढी महत्वकाङ्क्षी रहेको भन्दै कार्यान्वयनका लागि निजी लगानी पनि उत्तिकै आवश्यक रहेको बताउनुभयो। "जलवायुमैत्री पूर्वाधार तथा उद्योग निर्माण तथा हरित ऊर्जामा निजी लगानी आकर्षण गर्न सकेमा एनडिसीको लक्ष्य कार्यान्वयनमा थप सहज हुन्छ", उहाँले भन्नुभयो, "यसका लगि राज्यले लगानीमैत्री वातावरण र लगानीको सुरक्षा हुने वातावरण तय गर्नुपर्छ।"

**पर्याप्त अन्तरराष्ट्रिय जलवायु वित्तीय सहयोग आवश्यक**

प्रस्तावित तेस्रो मस्यौदा कार्यान्वयनका लागि पर्याप्त अन्तरराष्ट्रिय जलवायु वित्तीय सहयोग अपरिहार्य हुने मस्यौदामा उल्लेख छ। मस्यौदाअनुसार जलवायु संवेदनशीलता, सामुदायिक रुपमा जलवायु अनुकूलनको क्षमता अभिवृद्धि तथा जलवायुजन्य हानी तथा नोक्सानी समाधानका लागि नेपालले आन्तरिक तथा अन्तरराष्ट्रिय स्रोतहरू रणनीतिक रूपमा परिचालन गरिने छ।

मस्यौदामा नेपालले ऋणभार नबढाउन सहुलियतपूर्ण ऋण, वैदेशिक प्रत्यक्ष लगानी तथा उत्पादनशील क्षेत्रका स्वपुँजी प्रयोग गर्ने उल्लेख छ। "आन्तरिक रूपमा राष्ट्रिय बजेट, निजी क्षेत्रको लगानी, सार्वजनिक-निजी साझेदारी, भेन्चर क्यापिटल, नागरिक लगानी कोष, कार्बन कर र कर छुट जस्ता संयन्त्रको प्रयोग गरिने उल्लेख छ", प्रस्तावित मस्यौदामा उल्लेख छ, "स्थानीयस्तरमा हरित ऋणपत्र (बन्ड) तथा जलवायु अनुकूलन कोषजस्ता विकेन्द्रिकृत वित्तीय समाधानमार्फत स्रोतको न्यायसङ्गत वितरण सुनिश्चित गरिनेछ। साथै, प्रवासी नेपालीको रेमिट्यान्सलाई जलवायु प्रतिरोधी पूर्वाधार तथा नवीकरणीय ऊर्जामा लगानी गर्न प्रयोग गरिने छ।"

अन्तरराष्ट्रियस्तरमा, नेपालले जलवायु कोषहरू, बहुपक्षीय विकास बैंकहरू, द्विपक्षीय सहयोग कोषहरू, ऋण-जलवायु साटासम्बन्धी सम्फौता र परोपकारी सहयोगबाट स्रोत जुटाउने मस्यादामा उल्लेख छ। जलवायु वित्तीय संयन्त्रहरूबाट वित्त स्रोत जुटाउने लक्ष्य लिइएको छ।

जलवायु वित्तीय स्रोतमा प्रत्यक्ष पहुँच अभिवृद्धिका लागि, नेपालले आफ्नो राष्ट्रिय प्रणाली सुदृढ गर्ने, संस्थागत क्षमता निर्माण गर्ने, परियोजनालाई अन्तरराष्ट्रिय लगानीका लागि आकर्षक बनाउने, तत्परता अभिवृद्धि गर्ने, पारदर्शिता र प्रभावकारिताका लागि जलवायु वित्त ट्याकिङ र जवाफदेहिता प्रणाली स्थापना गरिने लक्ष्य राखिएको छ।

लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीतालाई नीतिमा समावेश गरिने, जलवायु नीतिहरूलाई प्रदेश र स्थानीय तहको विकास योजनामा प्रणालीगत रूपमा एकीकृत गरिने मस्यौदामा उल्लेख छ।

**कार्बन व्यापार लगानीको स्रोत**

हरित ऊर्जाविद् पूजा शर्मा नेपालले कार्बन व्यापारबाट तेस्रो एनडिसी कार्यान्वयनलाई आवश्यक पर्ने लगानी व्यवस्थापनमा सहज हुने बताउनुहुन्छ। "नेपालले हरित ऊर्जा प्रवर्द्धनबाट कार्बन उत्सर्जन कटौती गर्न सक्ने र कार्बन कटौती गरेवापत धनी मुलुकहरुले प्रोत्साहन स्वरुप नेपालको कार्बन खरिद गरी आर्थिक लाभ हुन्छ", उहाँले भन्नुभयो, "कार्बन व्यापारमार्फत जलवायु परियोजनाका लागि आम्दानी सिर्जना गर्न सहयोग पुऱ्याउने र न्यून-कार्बन विकास प्रवर्द्धन गर्नसक्छ।"

उहाँ हरित ऊर्जामा लगानी बढाउन सरकारले निजी क्षेत्रलाई लगानीमैत्री वातावरण तय गर्नुपर्ने बताउनुहुन्छ। मस्यौदामा नेपालले कार्बन क्रेडिट ट्याक र व्यवस्थापन गर्न राष्ट्रिय कार्बन दर्ता प्रणाली विकास गरिने र कार्बन व्यापारको पारदर्शिता तथा प्रभावकारिता सुनिश्चित गर्न विस्तृत मार्केटिङ दिशानिर्देशहरू तयार गरिने रणनीति रहेको छ। नेपालले अनुकूलन, न्यूनीकरण, जलवायुजन्य सङ्कट सामना गर्न र पुनःस्थापनाका लागि छुट्टै कोषहरू स्थापना गर्ने योजना बनाएको छ।

नेपालले २०३० र २०३५ सम्म नवीकरणीय ऊर्जा उत्पादन क्षमतामा ठूलो वृद्धि गर्ने योजना बनाएको छ। नेपाल सरकारको लक्ष्यअनुसार सन् २०३० सम्म नवीकरणीय विद्युत् उत्पादन क्षमतामा १४ हजार ३१ मेगावाट र सन् २०३५ सम्म २८ हजार पाँच सय मेगावाट ऊर्जा उत्पादनको लक्ष्य राखिएको छ।

**तेस्रो एनडिसिको लागत**

नेपालको ऊर्जा क्षेत्रमा सन् २०२५ देखि २०३० सम्ममा करिब १० अर्ब अमेरिकी डलर निसर्त लागत र १९ दशमलव ७१ अर्ब अमेरिकी डलर सशर्त लागत लाग्ने अनुमान छ। साथै सन् २०३० देखि २०३५ सम्म निसर्ततर्फ ६ दशमलव ३१ अर्ब अमेरिकी डलर र ससर्त लागत करिब ४५ अर्ब अमेरिकी डलर लाग्ने अनुमान गरिएको छ।

कृषि, वन र अन्य भूमिको उपयोगको क्षेत्रमा सन् २०३५ सम्ममा निसर्त लागत ५ दशमलव २४४ अर्ब अमेरिकी डलर र ससर्त लागत शून्य दशमलव ५७ अर्ब बजेट लाग्ने भएको छ। यसैगरी फोहर व्यवस्थापनको क्षेत्रमा सन् २०३० देखि २०३५ सम्ममा शून्य दशमलव १९ अर्ब अमेरिकी डलर निसर्त लागत लाग्ने मस्यौदामा उल्लेख छ।

औद्योगिक प्रक्रिया र उत्पादन प्रयोगमा सन् २०३५ सम्ममा शून्य दशमलव ६८ अर्ब अमेरिकी डलर निसर्त लागत लाग्ने अनुमान गरिएको छ। यसरी सन् २०२५ देखि २०३० सम्ममा जम्मा निसर्त लागत करिब १० अर्ब अमेरिकी डलर, ससर्तमा करिब १९ अर्ब अमेरिकी डलर र सन् २०३० देखि २०३५ सम्ममा निसर्तमा ११ दशमलव ७६ अमेरिकी डलर र शसर्तमा ४७ दशमलव ८६ अर्ब अमेरिकी डलर लागत लाग्ने अनुमान गरिएको छ।


## बीमा लेख नं. हराएको सूचना

राजविराजस्थित गजेन्द्र चौकमा २०८२ साल बैशाख ५ गते मेरो "लाइफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लि." को बीमा लेख नं. हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा ९८१५७७१३७ मा सम्पर्क गर्नुहोला।

**नाम : आर्यन साह**
**ठेगाना : सिरहा ८, महिसोथा**
**बीमा लेख नं : ११००३५४४०**


## विश्व समाचार

### चीनको शेनझाउ-१९ अन्तरिक्षयात्रीहरू पृथ्वीमा फर्किए : सरकारी मिडिया

बेइजिङ, १७ वैशाख (रासस/एएफपी)।

तीन चिनियाँ अन्तरिक्षयात्री बुधबार देशको अन्तरिक्ष स्टेसनमा छ महिना बिताएपछि पृथ्वीमा फर्किएको सरकारी मिडिया फुटेजले देखाएको छ। चीन आफूलाई एक प्रमुख अन्तरिक्ष शक्तिका रूपमा स्थापित गर्ने लक्ष्यतर्फ अघि बढिरहेको छ। बेइजिङले हालैका वर्षहरूमा आफ्नो अन्तरिक्ष कार्यक्रममा अर्बौं डलर खर्च गरेको छ र सन् २०३० सम्ममा चन्द्रमामा चालक दल मिसन उडान गर्ने र अन्ततः चन्द्रमाको सतहमा आधार निर्माण गर्ने लक्ष्य राखेको छ। यसको पछिल्लो प्रक्षेपणले गत हप्ता तीन अन्तरिक्ष यात्रीलाई टियाङ्गोङ अन्तरिक्ष स्टेसनमा पुऱ्याएको थियो, जसले शेनझाउ-२० मिशनको सुरुआत गरेको छ।

उनीहरूले शेनझाउ-१९ चालक दलका चाइ सुझे, सोङ लिङडोङ र वाङ हाओजेको स्थान लिएका छन्, जसको ल्यान्डिङ क्याप्सुल बुधबार उत्तरी इनर मङ्गोलिया क्षेत्रमा अवतरण गरेको थियो। राज्य प्रसारक सिसिटिभीका तस्बिरहरूले क्याप्सुल रातो र सेतो धारीदार प्यारासुटमा जोडिएको क्याप्सुल खैरो मरुभूमिको धुलोको बादलमा छुनुअघि नीलो आकाशबाट तल झरेको देखाएको छ।

यसका यात्रीहरू अक्टोबरदेखि अन्तरिक्ष स्टेसनमा काम गरेका थिए। त्यहाँ उनीहरूले प्रयोगहरू गरे र सबैभन्दा लामो अन्तरिक्ष हिँडाइको नयाँ रेकर्ड कायम गरे। चिनियाँ अधिकारीहरूका अनुसार चालक दल मङ्गलबार फर्कने कार्यक्रम थियो तर अवतरण स्थलमा खराब मौसमका कारण मिसन स्थगित गरिएको थियो। चिनियाँ स्पान्ड स्पेस एजेन्सी (सिएमएसए) का अनुसार प्रक्षेपणको समयमा ३५ वर्षीया वाङ चीनको एक मात्र महिला स्पेसफ्लाइट इन्जिनियर हुनुहुन्थ्यो। पूर्व वायुसेना पाइलट ४८ वर्षीय कमाण्डर चाईले यसअघि सन् २०२२ मा शेनझाउ-१४ मिशनको हिस्साको रूपमा टियाङ्गोङगमा सेवा गरिसक्नुभएको छ। चौंतिस वर्षीय पूर्व वायुसेना पाइलट सोङले चीनमा लोकप्रिय रूपमा 'टाइकोनट्स' भनिने अन्तरिक्षयात्रीहरूको समूह पूरा गर्नुभयो।

### भारतीय होटलमा आगलागी, १५ को मृत्यु

कोलकाता, १७ वैशाख (रासस/एएफपी)।

भारतको कोलकाता सहरको एक होटलमा भीषण आगलागी हुँदा कम्तीमा १५ जनाको मृत्यु भएको प्रहरीले बुधबार बताएको छ। आगलागी भएको होटलमा केही मानिस बच्नका लागि झ्यालबाट बाहिर र छतमा चढेर निस्किएका थिए। होटलको कोठा र छतबाट धेरै मानिसलाई उद्धार गरिएको कोलकाताका प्रहरी प्रमुख मनोज वर्माले मङ्गलबार साँझ आगलागी भएपछि बताउनुभयो। "दुई बालबालिका र एक महिलासहित मृतकको सङ्ख्या १५ पुगेको छ", आगलागीको कारण पत्ता लगाउन अनुसन्धान सुरु गरिएको जानकारी दिँदै वर्माले भन्नुभयो, "होटल ग्यास च्याम्बरमा परिणत भयो र धेरै मानिसको निस्सासिएर मृत्यु भएको देखिन्छ।"

आगलागी हुँदा ८८ जना पाहुना रहेको ऋतुराज होटल कोलकाताको केन्द्रीय भागको एक भीडभाड व्यापारिक क्षेत्रमा अवस्थित छ। करिब एक दर्जन मानिस जलेर घाइते भएका छन् र उपचार गराइरहेका छन्। भारतमा अग्नि नियन्त्रण उपकरणको अभाव र सुरक्षा नियमहरूको नियमित उपेक्षाका कारण भवनमा आगलागी हुने घटनाहरू सामान्य छन्। गत वर्ष पूर्वी राज्य बिहारको पटनामा एक होटलमा आगलागी हुँदा छ जनाको मृत्यु भएको थियो।

कोलकाताको भवनबाट आगोको ज्वालाहरूको भिडियो फिल्म खिचेको प्रेस ट्रष्ट अफ इन्डियाले 'धेरै मानिस भवनको झ्याल र साँघुरो किनारबाट भाग्ने प्रयास गरिरहेको देखिएको थियो' भनी रिपोर्ट गरेको छ। कोलकाताको द टेलिग्राफ अखबारले आगोबाट बच्न खोज्दा 'छतबाट हामफालेका कम्तीमा एक जनाको मृत्यु भएको' बताएको छ। वर्माले आगो निभाएको र 'चिस्याउने कार्यहरू जारी रहेको' बताउनुभयो। प्रधानमन्त्री नरेन्द्र मोदीले मृतकका परिवारहरूप्रति समवेदना प्रकट गर्नुभएको छ। "घाइतेहरू चाँडै निको होउन्", उहाँको कार्यालयले एक विज्ञप्तिमा भन्यो। एक करोड ५० लाखभन्दा बढी जनसङ्ख्या भएको कोलकाता पश्चिम बङ्गाल राज्यको राजधानी हो। पश्चिम बङ्गाल विपक्षी तृणमूल काङ्ग्रेस पार्टीद्वारा शासित छ।

### रुसका लागि लडिरहेका ६०० उत्तर कोरियाली सैनिक मारिए : सियोलका सांसद

सियोल, १७ वैशाख (रासस/एएफपी)।

प्योङयाङले मस्कोलाई सहयोग गर्न सेना तैनाथ गरेको आधिकारिक पुष्टि गरेपछि युक्रेनविरुद्ध रुसका लागि लडिरहेका करिब छ सय उत्तर कोरियाली सैनिक मारिएका छन् र हजारौं घाइते भएको सियोलका एक सांसदले बुधबार बताएका छन्। "अहिलेसम्म उत्तर कोरियाली सैनिकहरूको हताहती अनुमानित चार हजार सात सय रहेको छ, जसमा करिब छ सय जनाको मृत्यु भएको छ", संसदको गुप्तचर समितिका सदस्य सांसद ली सेओङ-क्वेनले देशको जासुसी एजेन्सीद्वारा दिइएको ब्रिफिङपछि पत्रकारहरूलाई भन्नुभयो।

उत्तर कोरियाले सोमबार पहिलो पटक रुसमा सेना तैनाथ गरेको पुष्टि गरेको छ। सरकारी समाचार एजेन्सी केसिएनएले प्योङयाङका सैनिकहरूले मस्कोलाई रूसी सीमावर्ती क्षेत्र कुर्स्कमा युक्रेनी नियन्त्रणमा रहेको क्षेत्र पुनः प्राप्त गर्न मद्दत गरेको रिपोर्ट गरेको छ। सियोल र वासिङ्टनले प्योङयाङलाई सहयोगका लागि थप सेना र हतियार पठाएको आरोप लगाए पनि दुवै देशबाट महिनौंको आधिकारिक मौनतापछि मस्कोले उत्तर कोरियाको सहभागितालाई छुट्टै पुष्टि गरेको थियो।

यस वर्ष करिब दुई हजार सैनिकलाई आणविक हतियार भएको उत्तर कोरियामा फिर्ता लगिएको लीले बताउनुभयो। उनीहरूलाई अहिले प्योङयाङ र देशभरका अन्य स्थानहरूमा एकान्तवासमा राखिएको बताइएको छ। "मारिएका सैनिकका शवहरू उत्तरमा फिर्ता लैजानुअघि स्थानीय रूपमा कुर्स्कमा जलाइएको बुझिएको छ", उहाँले भन्नुभयो। "उत्तर कोरियाले दुई चरणमा १८ हजार सेना परिचालन गरेर रुसलाई कुर्स्क पुनः कब्जा गर्न सहयोग गऱ्यो", लीले भन्नुभयो। मार्चदेखि यस क्षेत्रमा झडपको सङ्ख्या घटेको छ। उहाँका अनुसार उत्तर कोरियाली सेनाभित्र अत्यधिक मदिरा सेवन र चोरीसहित दुर्व्यवहारका खबरहरू आएका छन्।

# उपचारमा संलग्न चिकित्सकको पूर्ण विवरण खुलाउन निर्देशन

काठमाडौं, १७ वैशाख (रासस)।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले उपचारमा संलग्न सबै सरकारी चिकित्सकहरूलाई कागजातमा आफ्ना सबै विवरण खुलाउन निर्देशन जारी गरेको छ।

मन्त्रालयको गुणस्तर मापन तथा नियमन महाशाखाले सबै सङ्घीय अस्पताल तथा प्रतिष्ठानहरूलाई बुधबार पत्राचार गर्दै अस्पतालमा उपचारका लागि आउने बिरामीको रिपोर्टमा चिकित्सकको विवरण खुलाउन भनेको हो।

उक्त निर्देशनानुसार आवश्यकताअनुसारको रेडियोलोजी, प्रयोगशाला र अन्य परीक्षणमा सिफारिस गर्ने चिकित्सक तथा स्वास्थ्यकर्मीको पूरा नाम, विशेषज्ञता, काउन्सिल दर्ता नम्बर तथा सही छाप बिरामी रिपोर्टमा खुलाउनपर्ने छ।

निर्देशनले बिरामीको उपचार तथा पुनःपरीक्षणमा सहजता ल्याउने अपेक्षा गरिएको मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले बताउनुभयो। उहाँका अनुसार यस व्यवस्थाले अनावश्यक परीक्षण रोक्न तथा परीक्षण सम्भव हुँदाहुँदै अस्पताल बाहिर पठाउने (रिफर) रोक्ने अपेक्षा गरिएको छ।

"हाल चिकित्सकीय विवरण चिकित्सकको सिफारिस (पेस्क्रिप्सन)मा पूरा नहुँदा बिरामीको उपचार तथा त्यस क्रममा भएका खराबी पहिचानमा समेत समस्या परेको छ। अब चिकित्सकीय विवरण अनिवार्य गरिँदा त्यसले चिकित्सकलाई थप जिम्मेवार र जवाफदेही बनाउन समेत मद्दत मिल्ने विश्वास गरिएको छ", उहाँले भन्नुभयो।

स्वास्थ्यमन्त्री प्रदीप पौडेलले सरकारी अस्पतालमा बिरामीहरूलाई प्रभावकारी सेवा दिनका लागि उपचारात्मक सेवा सुधारमा जोड दिँदै आउनुभएको छ। जारी निर्देशनले यसमा योगदान पुग्ने अपेक्षा गरिएको उहाँको निजी सचिवालयले जनाएको छ।

# वीरगञ्जमा राजस्व उठाउन घरदैलो अभियान

पर्सा, १७ वैशाख (रासस)।

वीरगञ्ज महानगरले लक्ष्यअनुसार राजस्व सङ्कलन नभएपछि घरदैलो अभियान थालेको छ। चालु आर्थिक वर्षमा रु ७२ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य रहेकामा रु ३७ करोड ३३ लाख मात्र उठेकाले अभियान थालिएको हो।

वीरगञ्ज महानगरका प्रमुख राजेशमान सिंह, उपप्रमुख इम्तियाज आलम, प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्ण र राजस्व महाशाखा प्रमुख मनोज कर्णलगायत पदाधिकारी सम्मिलित टोलीले गत आइतबारदेखि यहाँका व्यवसायीले व्यवसाय कर, घरबहाल कर र सम्पत्ति कर तिर्न आनाकानी गरेकाले अभियान थालिएको जनाइएको छ।

राजस्व महाशाखा प्रमुख कर्णले भन्नुभयो, "दैनिक १३० वटा पसलको अनुगमन गरिरहेका छौँ। औसतमा ८० प्रतिशतभन्दा धेरै पसलले कर नतिरेको भेटिएको छ। हामीले सातदिने सूचना दिएर कर तिर्न आह्वान गरेका छौँ।"

महानगरको टोली अनुगमनमा आएपछि मीनाबजार, घण्टाघर चोक, लिङ्करोडलगायत स्थानका व्यापारी तथा व्यवसायी सटर बन्द गरेर भागेका थिए।

# पोखरीमा डुबेर दुई बालकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १७ वैशाख।**

महोत्तरीको मनरा शिसवा नगरपालिका १ ब्रह्मस्थान नजिकै रहेको पोखरीमा डुबेर सप्तरीका एक बालकसहित दुई बालकको मृत्यु भएको छ।

सप्तरीको डाक्नेश्वरी नगरपालिका ९ पथरगाढा लक्ष्मीपट्टी गाउँ निवासी रूपेश सिंहका ९ वर्षीय छोरा आयुषकुमार सिंह र स्थानीय विकेश सिंहका १० वर्षीय छोरा शुभमकुमार सिंहको मंगलबार डुबेर मृत्यु भएको हो। आयुषकुमार आफ्नो आफन्तको घरमा आएका थिए।

प्रहरीका अनुसार, पोखरीमा डुबेर अशक्त भएका उनीहरूको उपचारका लागि मनरा नगर अस्पताल लगिएको थियो तर उपचारका क्रममा दुवैको ज्यान गएको हो।

घटनाबारे अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक सन्तुप्रसाद जैसवालले जानकारी दिए।

### पक्राउ परेको ...

कानून बमोजिमको कारबाही प्रक्रिया शुरू भएको उल्लेख छ।

चौधरीलाई प्रहरीले पक्राउ गरेपछि जनमत र नागरिक उन्मुक्ति पार्टीको एकीकरण घोषणा कार्यक्रम स्थगित भएको छ। एकता घोषणाको तयारी भइरहँदा कार्यक्रम स्थलबाटै चौधरी पक्राउ परेपछि घोषणा स्थगित गरेको जनमत पार्टीका अध्यक्ष सीके राउतले जानकारी दिए।

भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमिसुधार तथा मालपोत कार्यालय सप्तरी**
**राजविराज**

**विषय : ३५ दिने हकदाबी सम्बन्धि सार्बजनिक सूचना।**

२ नं. को रैती रामलाल कुल ज्यूको नाममा दर्ता रहेको साविक प्रगन्ना जगदर मौजे पौवा हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता गरि जग्गाधनी प्रमाण-पुर्जा पाउँ भनि जिल्ला सप्तरी साविक गा.वि.स. रायपुर वडा नं. १ हाल परिवर्तित रुपनी गा.पा. वडा नं २ वस्ने चुवाई यादवको नाति सुखाई यादवको छोरा लक्षण यादवको यस कार्यालयमा द.नं. ९७९२ मिति २०८१/१०/०४ गतेमा निवेदन परि हकदाबी सम्बन्धि सार्बजनिक सूचना प्रकाशित गर्न मिति २०८२/०१/१२ गतेमा आदेश भए बमोजिम यो ३५ दिने हकदाबी सम्बन्धि सार्बजनिक सूचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता गर्दा कसैको हक जाने छ भने सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण यस कार्यालयमा उजुरी गर्नु होला। म्याद भित्र कसैको हक्दावी उजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ। यस सम्वन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

**तपसिल**

| सा.कि.नं. | गा.वि.स. | वार्ड.नं. | हाल कि.नं. | जग्गा क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|
| ३ | नक्टीरायपुर | १ग | ५२ | ०-१-८ | रामलाल कुल ज्यु | फिल्ड बुकको कैफियत महलमा यो जग्गा जसोदा मानको नम्बरी हो भनी उल्लेख रहेको। |

२०८२/०१/१२

श्री लक्ष्मी प्रसाद खरेल
(प्रमुख मालपोत अधिकृत)
प्रमुख मालपोत अधिकृत

# 'नियमित रोजगारीमा श्रमिक संख्या घट्दो, आउटसोर्सिङ बढ्दै'

काठमाडौं, १७ वैशाख (रासस)।

नियमित रोजगारीमा रहेका श्रमिकको सङ्ख्या घटेको छ। नेपाल ट्रेड युनियन महासङ्घ (जिफन्ट)द्वारा मंगलबार यहाँ आयोजित पत्रकार सम्मेलनमार्फत श्रम अडिट प्रतिवेदन २०८१ सार्वजनिक गर्दै नियमित रोजगारीमा रहेका श्रमिकको सङ्ख्या अघिल्लो वर्षको तुलनामा १० दशमलव ८४ प्रतिशतले घटेको विश्लेषण प्रस्तुत गरिएको छ।

विसं २०८० मा गरिएको श्रम अडिट प्रतिवेदनमा प्रतिष्ठानको प्रत्यक्ष रोजगारीमा रहेका श्रमिकमध्ये नियमित रोजगारीमा रहेका श्रमिक सङ्ख्या ५९ दशमलव ७२ प्रतिशत रहेको थियो। तर २०८१ सालमा श्रम अडिट गरिएका प्रतिष्ठानमा ५३ दशमलव ३५ प्रतिशत श्रमिक नियमित रोजगारीमा कार्यरत रहेका छन्। जिफन्टका अध्यक्ष विनोद श्रेष्ठले श्रम आपूर्तिकर्तामार्फत कार्यरत श्रमिक सङ्ख्या बढेको बताउनुभयो। नियमित रोजगारीमा श्रमिकको सङ्ख्या घट्नुको मुख्य कारण श्रमिक आपूर्ति (आउटसोर्स) भएको जिफन्टको दाबी छ।

यस्तै वैदेशिक रोजगारको आर्कषणका कारण पनि नियमित रोजगारी घटेको हुनसक्ने बताइएको छ। विसं २०८० मा श्रमिक आपूर्तिकर्ता (आउटसोर्स) कम्पनीमार्फत काम गर्ने श्रमिक नौ दशमलव ९३ प्रतिशत थियो। तर यो वर्ष अर्थात २०८१ सालमा सार्वजनिक प्रतिवेदनले श्रम अडिट गरिएका उद्योग/प्रतिष्ठानमा आउटसोर्स कम्पनीबाट काम गर्ने श्रमिक १४ दशमलव ९१ प्रतिशत रहेको देखाएको छ।

"श्रम ऐन नियम कार्यान्वयनमा हरेक वर्ष चुनौती थपिँदै गएको छ", उहाँले भन्नुभयो। अध्यक्ष श्रेष्ठले आउटसोर्स कम्पनी श्रम शोषण गर्ने मुख्य केन्द्रको रूपमा देखिएको बताउनुभयो।

प्रतिवेदनअनुसार श्रमिक आपूर्तिकर्ता (आउटसोर्स) कम्पनीमार्फत काम गर्ने श्रमिकलाई न्यूनतम पारिश्रमिक र ओभरटाइम आदि आधारभूत सुविधा नदिने कम्पनी ७२ दशमलव ६ प्रतिशत रहेको थियो भने यो वर्ष ७७ दशमलव २ रहेको छ।

उत्पादनमूलक उद्योग/प्रतिष्ठान, गार्मेन्ट, जुट, टेक्सटायल, होटल, ट्रेकिङ, ट्राभल्स, प्रिटिङ्ग प्रेस, सहकारी, स्वास्थ्य क्षेत्रका निजी अस्पताल, निजी विद्यालय, निर्माण तथा श्रमिक आपूर्तिकर्ता कम्पनी गरी जम्मा तीन सय २७ वटा प्रतिष्ठानको श्रम अडिट प्रतिवेदनबाट श्रम कानुन कार्यान्वयनको अवस्था अध्ययन विश्लेषण गरी जिफन्टले यस प्रतिवेदन तयार गरेको बताएको छ। श्रम तथा रोजगार कार्यालयले श्रम निरीक्षण गर्दै आएको छ। जिफन्टले पनि श्रमिकसँग छलफल गरी अध्ययन विश्लेषण गरी श्रम अडिट प्रतिवेदन सार्वजनिक गर्दै आएको छ।

श्रम कानुन कार्यान्वयनको अवस्था विश्लेषण गरिएको यस प्रतिवेदनका अनुसार कार्यगत रोजगारीमा गत वर्ष ६ दशमलव १९ प्रतिशत श्रमिक कार्यरत रहेको देखिएको थियो। यस वर्षको प्रतिवेदनले श्रम अडिट गरिएका उद्योग/प्रतिष्ठानमा कार्यगत रोजगारीमा ५ दशमलव ५१ प्रतिशत रहेका छन्।

त्यस्तै समयगत रोजगारीमा कार्यरत श्रमिक सङ्ख्या गत वर्ष ५ दशमलव ५२ प्रतिशत रहेको थियो। यो वर्ष समयगत रोजगारीमा कार्यरत श्रमिक सङ्ख्या ८ दशमलव ५८ प्रतिशत रहेको छ। आंशिक समय रोजगारीमा गत वर्ष एक दशमलव ७३ प्रतिशत श्रमिक कार्यरत रहेका थिए। यो वर्ष आंशिक समय रोजगारीमा कार्यरत श्रमिक सङ्ख्या एक दशमलव ४८ प्रतिशत रहेको छ।

यसैगरी आकस्मिक तथा अन्य रोजगारीमा कार्यरत श्रमिक गत वर्ष तीन दशमलव ९७ प्रतिशत थियो। यो वर्ष चार दशमलव ६६ प्रतिशत रहेको छ। रोजगार सम्झौता गरेर वा नियुक्तिपत्र दिएर श्रमिकलाई काममा लगाउने उद्योग/प्रतिष्ठान सङ्ख्या गत वर्ष ६५ प्रतिशत रहेको थियो भने यसवर्ष ६० दशमलव १ प्रतिशत रहेको छ। यो वर्ष रोजगार सम्झौता गरेर श्रमिकलाई काममा लगाउने उद्योग/प्रतिष्ठान करिब पाँच प्रतिशतले घटेको छ। "यस विश्लेषणले श्रम निरीक्षण अनुगमन गर्ने निकाय श्रम प्रशासन फितलो बन्दै गएको पुष्टि हुन्छ", अध्यक्ष श्रेष्ठले भन्नुभयो।

भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी,राजविराज**

मिति :-२०८२/०१/१२

**विषयः- ३५ दिने हकदाबी सम्बन्धी सार्वजनिक सुचना।**

यसमा २००४ सालको जमावन्दी श्रेस्ता बमोजिम रैती नं. १०५ सुवि मंडरको नाममा दर्ता रहेका साविक प्रगन्ना जगदर मौजे लालापट्टी सा.कि.नं. १९६९ को ज.वि. ०-१२-१३ हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउं भनी जिल्ला सप्तरी गा.वि.स लालापट्टी वडा नं. २ हाल छिन्नमस्ता गा.पा. वडा नं. ४ बस्ने मानिक लाल यादवको बुहारी/नाति राम प्रसाद यादवको पत्नी/छोरा किसुन बति देवी यादव-१, दिपेन्द्र कुमार यादव-१, सुरेन्द्र कुमार यादव-१ समेत ३ को यस कार्यालयमा द.नं. १३३६९ मिति २०८०/१०/२५ गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८२/०१/१२ मा आदेश भए बमोजिम यो ३५ दिने हकदाबी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी, प्रति, गोचर, समसानघाट, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला। म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपसिल

| साविक कि.नं. | साविक दर्तावाला | गा.वि.स. | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १९६९ | सुवि मंडर | लालापट्टी | ७ | ११७ | ०-१३-१७ | किसुन बति देवी यादव दिपेन्द्र कुमार यादव सुरेन्द्र कुमार यादव | यो जग्गा फिल्डबुकको ज.ध. महल खाली, किसान को महल खाली, किसानको ब्यहोरा महल खाली, कैफियत महलमा यो पं. लालापट्टी वाड नं. २ बस्ने झुनरी र राम यादवको नम्बरी हो रहेको। |

प्रमुख मालपोत अधिकृत
लक्ष्मी प्रसाद खरेल
प्रमुख मालपोत अधिकृत

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com,* **वेवसाइट :** *rajbirajdainik.com.np*